नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, फागुन ४ गते, २०७७ साल (अतिरिक्ताङ्क ४२

भाग ५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको
सूचना

नेपाल सरकारले महामारीको रुपमा विश्वभर फैलिएको कोभिड-१९ संक्रामक रोगबाट नेपाली नागरिकको जीवन रक्षा गर्न सबै नागरिकलाई कोभिड-१९ विरुद्धको खोप निःशुल्क उपलब्ध गराउने निर्णय गरिसकेको र यसको लागि खोपको तत्काल आपूर्ति हुन आवश्यक भएको; हाल भारत सरकारबाट अनुदान स्वरुप प्राप्त भएको दश लाख डोज कोभिसिल्ड खोप प्रयोग भइरहेको र अहिले विश्वव्यापी

रुपमा खोपको सहज उपलब्धता नभएको सन्दर्भमा सोही खोपलाई निरन्तरता दिँदा आपूर्ति तथा प्रयोग सहज हुने देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (घ३) बमोजिम सोझै खरिद गर्ने प्रक्रिया अघि बढाइएकोमा उक्त खोप उत्पादक कम्पनीले कार्यसम्पादन र पेश्की जमानत नराखी अग्रिम भुक्तानी भएमा मात्र खोप आपूर्ति गर्न सक्ने शर्त निर्धारण गरेको तर सार्वजनिक खरिद ऐन, २०६३ मा कार्यसम्पादन र पेश्की जमानत नराखी अग्रिम भुक्तानी गरी खरिद गर्ने व्यवस्था नरहेको हुँदा खोप खरिद गर्न बाधा अड्काउ परेकोले स्वास्थ्य सेवा विभागले अहिलेको विशेष परिस्थितिलाई ध्यानमा राखी एक पटकको लागि कोभिड-१९ विरुद्धको कोभिसिल्ड खोप उत्पादक कम्पनीसँग वार्ताद्वारा निर्धारण गरिएको मूल्य र रकम भुक्तानीको शर्तबमोजिम खोप खरिद गर्न लाग्ने रकम नेपाल राष्ट्र बैङ्क मार्फत भुक्तानी हुने गरी बीस लाख डोज कोभिसिल्ड खोप सोझै खरिद गर्न सक्ने गरी सोही ऐनको दफा ७४ख. ले दिएको अधिकार प्रयोग गरी बाधा अड्काउ फुकाउनको लागि आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
धनराज ज्ञवाली
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मुल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३